श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३७ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### गुणस्तर निर्धारण र प्रमाण-चिह्नको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको हितको लागि कुनै पदार्थको गुणस्तर निर्धारण गर्न र त्यस्तो पदार्थहरूमा गुणस्तरको प्रमाण-चिह्न प्रयोग गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल गुणस्तर (प्रमाण-चिह्न) ऐन, २०३७" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको नेपाल गुणस्तर परिषद् सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले दफा ५ बमोजिम स्थापना भएको नेपाल गुणस्तर कार्यालय सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "गुणस्तर" भन्नाले परिषद्द्वारा निर्धारण गरेको वा मान्यता प्राप्त नेपाल गुणस्तर सम्झनुपर्छ ।

(घ) "पदार्थ" भन्नाले प्राकृतिक, अर्ध-प्राकृतिक, कृत्रिम, निर्मित, प्रशोधित, अर्ध-प्रशोधित वा अप्रशोधित माल वस्तु सम्झनुपर्छ ।

(ङ) "प्रक्रिया" भन्नाले पदार्थको उत्पादन वा निर्माणदेखि खपत हुँदासम्मका कुनै प्रक्रिया सम्झनुपर्छ ।

(च) "प्रमाण-चिह्न" भन्नाले गुणस्तरको प्रमाण-चिह्न सम्झनुपर्छ ।

(छ) "इजाजतपत्र" भन्नाले प्रमाण-चिह्न प्रयोग गर्न दिइने इजाजतपत्र सम्झनुपर्छ ।

(ज) "निरीक्षक" भन्नाले दफा १२ बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षक सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. परिषद्को गठनः कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा गुणस्तर निर्धारण गर्न र त्यस्तो पदार्थमा प्रमाण-चिह्नको प्रयोगको व्यवस्था गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल गुणस्तर परिषद् गठन गर्न सक्नेछ । यस परिषद्को अंग्रेजीमा पूरा नाम नेपाल काउन्सिल फर स्टायण्डर्डस् र संक्षिप्त नाम एन. सी. एस. रहनेछ ।

४. परिषद्को काम, कर्तव्य र अधिकारः (१) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) कुनै पदार्थ र प्रक्रियाको सम्बन्धमा गुणस्तर निर्धारण गर्ने, निर्धारित गुणस्तरलाई संशोधन गर्ने वा रद्द गर्ने,

(ख) कुनै स्वदेशी वा विदेशी संस्थाद्वारा तोकिएको गुणस्तरलाई मान्यता दिने,

(ग) गुणस्तरको निर्धारण वा परीक्षणको लागि सरकारी वा गैरसरकारी प्रयोगशालालाई मान्यता प्रदान गर्ने वा दिएको मान्यतालाई निलम्बन वा रद्द गर्ने,

(घ) गुणस्तरको प्रमाणपत्रको ढाँचा र प्रमाण-चिह्नको आकार, प्रकार र ढाँचा तोक्ने,

(ङ) गुणस्तरको प्रमाणपत्र र प्रमाण-चिह्नको दस्तूर र सेवा उपलब्ध गराए बापतको दस्तुर तोक्ने वा हेरफेर गर्ने ।

(२) परिषद्ले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यकतानुसार परिषद्का सदस्यहरू वा अन्य व्यक्तिहरू समावेश गरी समिति वा उप-समिति गठन गर्न सक्नेछ ।

५. नेपाल गुणस्तर कार्यालयको स्थापनाः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले नेपाल गुणस्तर कार्यालयको स्थापना गर्नेछ । यस कार्यालयको अंग्रेजीमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूरा नाम नेपाल ब्यूरो अफ स्टायण्डर्डस् र संक्षिप्त नाम एन. वी. एस. रहनेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक नेपाल गुणस्तर कार्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) परिषद्बाट गुणस्तर निर्धारण भएपछि प्रमाण-चिह्न प्रयोग गर्न इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र दिने,

(ख) कुनै पदार्थ वा प्रक्रियाको गुणस्तरसम्बन्धी निरीक्षण गर्ने गराउने,

(ग) निरीक्षक नियुक्ति गर्ने वा तोक्ने,

(घ) इजाजतपत्र नवीकरण गर्ने, स्थगित गर्ने वा रद्द गर्ने,

(ङ) इजाजतपत्र दिदा आवश्यक शर्त तोकी कबूलियत वा मन्जूरनामा गराउने,

(च) परिषद्को प्रशासकीय काम कारवाई गर्ने ।

६. परिषद्ले अधिकार सुम्पन सक्ने: परिषद्ले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा केही अधिकार परिषद्को कुनै सदस्य वा परिषद्ले गठन गरेको समिति वा उप-समिति वा कार्यालय वा कार्यालयको कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

७. प्रमाण-चिह्न प्रयोग गर्न सक्ने: कुनै उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा प्रमाण-चिह्न लगाउन चाहेमा यस ऐनअन्तर्गत इजाजतपत्र लिनु पर्नेछ ।

८. प्रमाण-चिह्नको अनुचित प्रयोगमा प्रतिबन्धः (१) इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिह्नको प्रयोग गर्न हुँदैन । कुनै व्यक्तिले प्रमाण-चिह्नको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिह्न प्रयोग गर्न हुँदैन ।

(२) इजाजतपत्र प्राप्त गरेका व्यक्तिले पनि निर्धारित गुणस्तर अनुकूल नरहेका पदार्थको सम्बन्धमा प्रमाण-चिह्नको प्रयोग वा त्यसको आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिह्न प्रयोग गर्नु हुँदैन ।

९. परिषद् वा कार्यालयसंग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्धः कुनै पनि व्यक्तिले परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न पाउनेछैन ।

१०. जनस्वास्थ्य र जनसुरक्षासम्बन्धी पदार्थको गुणस्तर तोक्न सकिने: (१) औषधि ऐन, २०३५ र खाद्य ऐन, २०२३ बमोजिम स्तर निर्धारण हुने औषधि र खाद्य पदार्थबाहेक अन्य कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा श्री ५ को सरकारले जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मितिदेखि लागू हुने गरी त्यस्तो पदार्थ वा प्रक्रियाको उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले परिषद्बाट निर्धारण गरिएको गुणस्तर अनिवार्य रूपले अपनाउनु पर्ने गरी तोक्न सक्नेछ ।

५६८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) बमोजिम तोकिएको पदार्थ वा प्रक्रियाको सम्बन्धमा सम्बन्धित उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले यस ऐनबमोजिम इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र लिनु पर्नेछ ।

११. निकासी-पैठारी हुने पदार्थको गुणस्तर तोक्न सक्ने: (१) औषधि ऐन, २०३५ बमोजिम स्तर निर्धारण हुने औषधिबाहेक नेपाल अधिराज्यभित्र पैठारी हुने अन्य पदार्थको सम्बन्धमा श्री ५ को सरकारले सर्वसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो पदार्थ परिषद्बाट तोकिएको गुणस्तरको हुनु पर्ने गरी तोक्न सक्नेछ ।

(२) नेपाल अधिराज्यबाट निकासी हुने कुनै पदार्थको सम्बन्धमा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धनको लागि श्री ५ को सरकारले आवश्यक देखेमा त्यस्तो पदार्थ परिषद्बाट तोकिएको गुणस्तरको हुनु पर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ ।

१२. निरीक्षक: (१) कुनै पदार्थ वा प्रक्रियाको गुणस्तरसम्बन्धी निरीक्षण गर्न गराउन कार्यालयले आवश्यक संख्यामा निरीक्षकहरू नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम नियुक्त भएका वा तोकिएका निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:–

(क) प्रमाण-चिह्न प्रयोग भएको कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा इजाजतपत्र प्राप्त गरेको वा नगरेको र सो इजाजतपत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचबुझ गर्ने,

(ख) गुणस्तरको प्रमाणपत्र प्रयोग भएको पदार्थ वा प्रक्रियाको सम्बन्धमा सो प्रमाणपत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचबुझ गर्ने,

(ग) प्रमाण-चिह्न वा गुणस्तरको प्रमाणपत्र प्रयोग हुने पदार्थको उत्पादन वा त्यस पदार्थसम्बन्धी कुनै प्रक्रियाको निरीक्षण गर्ने,

(घ) प्रमाण-चिह्न वा गुणस्तरको प्रमाणपत्र प्रयोग गरिएको कुनै पदार्थ र त्यस पदार्थसम्बन्धी कोरा वा तयारी माल इत्यादि जुनसुकै अवस्थामा निरीक्षण वा परीक्षणको लागि नमूना लिने ।

१३. दण्ड सजाय: (१) दफा ८ को बर्खिलाप काम गर्ने व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ९ को बर्खिलाप काम गर्ने व्यक्तिलाई एकहजार पाँचसय रुपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा १० बमोजिम तोकिएको पदार्थ वा प्रक्रियामा निर्धारित गुणस्तर नभएमा वा कसैले त्यस्तो पदार्थ वा प्रक्रियामा प्रमाण-चिह्न नलगाई प्रयोगमा ल्याएमा त्यस्तो व्यक्तिलाई पाँचहजार रुपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कसैले दफा ११ बमोजिम तोकिएको पदार्थ निर्धारित गुणस्तरको नभईकन निकासी-पैठारी गरेमा वा गर्न प्रयत्न गरेमा वा गर्न दुरुत्साहन दिएमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँसम्म जरीवाना वा छ महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(५) यस ऐनको अन्य दफा बर्खिलाप काम कारवाई गर्ने व्यक्तिलाई एकहजार रुपैयाँसम्म जरीवाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(६) यस ऐन बर्खिलाप गुणस्तरको प्रमाणपत्र वा प्रमाण-चिह्न प्रयोग गरिएका वा निकासी–पैठारी गरिएको पदार्थहरू जफत हुनेछन् ।

१४. सरकार वादी हुनेः यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

१५. मुद्दा हेर्ने अधिकारीः यस ऐनअन्तर्गतको मुद्दामा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

१६. मुद्दाको तहकिकात र दायरीः (१) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दाको तहकिकात निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नेछ ।

(२) उप-दफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा निरीक्षकले सरकारी वकीलको राय लिन सक्नेछ ।

१७. पुनरावेदनः दफा १५ बमोजिमको अधिकारीले गरेको निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

१८. निर्देशन दिने : श्री ५ को सरकारले आवश्यकतानुसार परिषद् वा कार्यालयलाई निर्देशन दिन सक्नेछ। त्यसरी निर्देशन भएमा परिषद् वा कार्यालयले त्यस्तो निर्देशन पालन गर्नु पर्नेछ।

१९. नियम बनाउने अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी खासगरी देहायका विषयहरूमा नियम बनाउन सक्नेछः–

(क) गुणस्तर निर्धारण र प्रकाशन गर्ने,

(ख) इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र दिने र इजाजतपत्रको नवीकरण गर्ने,

(ग) निरीक्षक नियुक्ति गर्ने वा तोक्ने र निरीक्षकले निरीक्षण गर्दा अपनाउनु पर्ने कार्यविधिसम्बन्धी व्यवस्था गर्ने,

(घ) इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिसँग गराउनु पर्ने कबूलियत मञ्जूरनामासम्बन्धी व्यवस्था गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) परिषद्को बैठक तथा तत्सम्बन्धी अन्य कार्यविधिको व्यवस्था गर्ने,

(च) प्रशासकीय र आर्थिक मामिला सम्बन्धमा उपयुक्त व्यवस्था गर्ने ।

२०. काम कार्यवाहीको मान्यता: यो ऐन प्रारम्भ हुनुभन्दा अघि नेपाल गुणस्तर निर्धारण समिति (गठन) आदेश, २०३४ अन्तर्गत गठित नेपाल गुणस्तर निर्धारण समितिबाट निर्धारण गरेको गुणस्तर वा सो समितिबाट दिएको इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र यस ऐन-बमोजिम निर्धारण गरिएको वा दिइएको मानिनेछ ।

लालमोहर सदर मितिः– २०३७।५।२६।५

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

५८२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।